शहिदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

# शहिदनगर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ६ संख्या ५ मिति: २०८०/०६/१६

भाग-२

शहिदनगर नगरपालिका

## बाल कोष सञ्चालन कार्यविधि, २०८०

प्रमाणिकरण मिति:२०८०/०६/१६

### बाल कोष सञ्चालन कार्यविधि, २०८०

बालबालिकाका शारीरिक, मानसिक अपरिपक्ताको कारणले उनीहरूलाई उचित संरक्षणको आवश्यक पर्दछ । वर्तमान सन्दर्भमा शहीदनगर नगरपालिकामा अशिक्षा, गरिवी, दैवी विपत्ति, पारिवारिक दुर्घटना, परम्परागत संस्कार, पारिवारिक विग्रह, बालबालिका विरुद्ध हुनेगरेका हिंसा, भेदभाव, लैङ्गिक विभेद, शोषण, दुर्व्यवहार, ओसारपसार र बालश्रम लगायतका बढ्दो घटनाक्रमले धेरै बालबालिकाले बाल संरक्षणको अधिकार प्राप्त गर्न सकेका छैनन् । बालबालिकाको जोखिम न्यूनीकरण तथा उद्धार प्रक्रियालाई सहज बनाउनका लागि नेपाल सरकारले बालबालिका सम्बन्धी ऐन २०७५, आपतकालिन बाल उद्धार कोष ( संचालन) नियमावली २०६७ लागु गरिसकेको अवस्थामा शहीदनगर नगरपालिकाले आफ्नो पालिका भित्रका अति विपन्न, असहाय, आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाको तत्काल संरक्षण, उद्धार, राहत वितरण र पारिवारिक पुनर्स्थापना गर्न तथा हकहितको सम्मान, संरक्षण र सम्वर्द्धनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा
मधेश प्रदेश, नेपाल

बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ६३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिनमा रही बाल कोष सञ्चालन कार्यविधि, २०८०स्वीकृत गरी लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"बाल कोष सञ्चालन कार्यविधि, २०८०"**हुनेछ ।

(ख) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले शहीदनगरनगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले .शहीदनगरनगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "मेयर" भन्नाले शहीदनगरनगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "उप मेयर" भन्नाले शहीदनगरनगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "न्यायिक समिति संयोजक" भन्नाले नगरपालिकाको न्यायिक समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(च) "वडा कार्यालय" भन्नाले नगरपालिका अन्तर्गतका वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) "कोष" भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको बाल कोषलाई सम्झनु पर्दछ ।

(ज) "अति विपन्न, असहाय, आपतकालिन एवम् जोखिम अवस्थामा रहेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले कार्यविधिको दफा १३ मा उल्लेखित बालबालिकालाई सम्झनु पर्दछ ।

(झ) "सञ्चालक समिति" भन्नाले कार्यविधिको दफा ७ (ख) मा उल्लेख गरे बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ञ) "स्थानीय बाल अधिकार समिति" भन्नाले बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, **२०८०** बमोजिम गठन भएको बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

(ट) "वडा बाल अधिकार समिति" भन्नाले बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, **२०८०** बमोजिम वडाहरूमा गठन भएका वडा बाल अधिकार समितिलाई सम्झनु पर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नालेनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा अख्तियार प्रत्योजन गरेको अधिकृतलाई सम्झनु पर्दछ ।

(ड) "लेखा प्रमुख" भन्नाले नगरपालिकाको लेखा प्रमुख सम्झनु पर्दछ ।

**३. कोषको उद्देश्य :**

(क) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको उद्दार गर्ने,

(ख) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकालाई राहत उपलब्ध गराउने,

(ग) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकालाई पारिवारिक पुनर्स्थापना गर्ने,

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(घ) आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने,

(ङ) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको बाल अधिकार संरक्षण र सम्वर्द्धनको सुनिश्चितता गर्ने,

(च) विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिकाको तथ्यांक अध्यावधिक गर्ने गराउने ।

**४. कोषको स्थापना :**

(क) नगरपालिकाले अति विपन्न, असहाय, जोखिम वा आपतकालिन अवस्थामा रहेका नगरपालिका भित्रका बालबालिकाको संरक्षण एवम् सहयोग गर्न नगरपालिकाले यस बाल कोषको स्थापना गरेको छ ।

(ख) दफा ४ को उपदफा अनुसारको कोषमा नगरपालिकाले पहिलो पटक वा पटक पटक गरी लक्षित वर्ग आय मूलक कार्य अर्न्तगत बाल कोषका लागि विनियोजित रकमबाट रु. १० (दश) लाख र अन्य स्रोतबाट प्राप्त रकम नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य वैंकमा मुद्दती खातामा जम्मा गरिनेछ । यसरी जम्मा गरेको रकम मध्ये रु. १० लाखको वार्षिक रुपमा प्राप्त हुने ब्याज बापतको रकम मात्रै बालबालिकाको हितमा प्रयोग गरिनेछ । सो बाहेकको अन्य रकमको हकमा दफा ५ (ख) मा उल्लेखित समितिको निर्णय वा सिफारिसमा जुनसुकै समयमा बालबालिकाको हितमा प्रयोग गर्न सकिनेछ । त्यसका लागि नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य वैंकमा बचत खातामा रकम जम्मा गरिनेछ ।

(ग) कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

२) संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

३) नगर बाल अधिकार समितिले अन्य स्रोत पहिचान र परिचालनबाट प्राप्त रकम

४) अन्यकुनै स्रोतबाट प्राप्त रकम ।

(घ) बालबालिकाको क्षेत्रमा नेपाल भित्र कार्यरत रही नगरपालिकासँग सहकार्य गर्न चाहने सरकारी तथा गैर सरकारी संघसंस्थाहरूले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्ने छन् ।

(ङ) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ :

१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

२) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई राहत दिन, स्वास्थ्योपचार र पुनर्स्थापना गर्न

३) समितिबाट स्वीकृत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि कार्यक्रम गर्न,

४) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्न,

५) बालबालिकाको हकहितका लागि समितिले तोके बमोजिमको अन्य जोखिम न्यूनिकरणका कार्य गर्न।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** :(क) कोषको रकम दफा ४ को उपदफा (ङ) मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

६. **कार्यान्वयन गर्ने समिति र कोषको परिचालन**:(क) कोषको सञ्चालन तथा खर्च व्यवस्थापन र कार्यान्वयन गर्ने काम कोष संचालक समितिले नगर बालअधिकार समिति मोनासिब आधार सहितको निर्णय तथा लिखित सिफारिसमा समितिको आवश्यक छलफल गरी संचालन गर्ने छ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

सञ्चालक समितिको गठन :

(क)परिभाषा: अति जोखिममा परेका बालबालिकाका लागि सहयोग कार्यक्रम शहीदनगरनगरपालिका अर्न्तगत रहेका बाबु र आमा दुवै नभएका बाबु र आमामध्ये एक जना नभएका बुबा र आमा दुवै अति गरिबीको अवस्थामा रहेका वा आफ्नो घरबास जग्गा जमिन नभएका, अत्यन्त न्यून आय भएका बाबु र आमा भएपनि अशक्त वा अपाङ्गता भएका र यसका कारणले आय आर्जन गर्न सक्ने क्षमता नभएका दलित तथा सिमान्तकृत बालबालिकालाई सहयोग,व्यवस्थापन र नियमन गर्नशहीदनगरनगरपालिकाद्धारा ५ सदस्यीय एउटा अधिकार सम्पन्न बाल कोष सन्चालक समिति गठन हुनेछ यसलेशहीदनगरनगरपालिका भित्र विशेष संरक्षणको आवश्यक्ता रहेका बालबालिकाको सुरक्षा, संरक्षण र व्यवस्थापनमा शहीदनगरनगरपालिकाको आधिकारिक निकायको रुपमा कार्य गर्नेछ ।

(ख) समिति: कोषको व्यवस्थापन, सन्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको ५ सदस्यीय कोष सन्चालक समिति रहनेछ ।

| | |
|---|---|
| १) नगर उप प्रमुख | -संयोजक |
| २) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ४) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधी | - सदस्य |
| ५) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| ६) कानुनी सल्लाहकार | - सदस्य |
| ७) बालबालिकाको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू मध्येबाट | - सदस्य |
| ८) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | - सदस्य सचिव |

८. **समितिको काम, कर्तव्य र अधिकार कर्तव्य र अधिकार:**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्य पचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता वालवालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ख) कुनै बालबालिका जोखिम अवस्था वा विशेष संरक्षणको आवश्यकता भए वा नभएको निर्धारण गर्ने,

(ग) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने वा गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) जोखिम अवस्थामा रहेका बालबालिकासम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने/गराउने,

(च) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(छ) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ज) कोष वृद्धिको लागि स्रोतको परिचालन गर्ने ,

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ट) नगर बाल अधिकार समिति र वडा बाल अधिकार समितिको समन्वय र सहकार्यमा काम गर्ने गराउने।

**९. सञ्चालक समितिले गर्न नहुने कामहरू :** सञ्चालक समितिले देहायका काम गर्न गराउन हुँदैन ।

(क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य कुनै व्यक्तिलाई लगानी गर्न,

(ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यका लागि कोषको रकम खर्च गर्न ।

**१०. सञ्चालक समितिको बैंठक :**

(क) सञ्चालक समितिको बैंठक संयोजकले तोकेको मिति, समय र स्थानमा कम्तीमा तीन महिनाको एक पटक वा आवश्यक्ता अनुसार बस्नेछ ।

(ख) सञ्चालक समितिको बैंठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ । निजको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(ग) सञ्चालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सो नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(घ) सञ्चालक समितिको निर्णय सदस्य-सचिवले प्रमाणित एवं अद्यावधिक गरी राख्नेछ ।

(ङ) सञ्चालक समितिको सचिवालय नगर कार्यपालिकाको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा रहनेछ ।

**११. बालबालिकाको उद्धार तथा पुर्नस्थापना,**

जोखिममा रहेका बालबालिकालाई तुरुन्त उद्धार गरी समितिले अल्पकालिन व्यवस्था मिलाउन सक्नेछ । यसरी संरक्षणको व्यवस्था मिलाइएका बालबालिकालाई बढीमा एक महिना भित्र स्थायी पुर्नस्थापनाको व्यवस्था गरी सक्नु पर्नेछ । यदि कुनै विशेष कारणवस एक महिना भित्रमा स्थायी पुर्नस्थापना व्यवस्था मिलाउन नसकिएको अवस्थामा समितिले मनासिव देखेमा बढीमा एक महिनासम्म थप गर्न सक्नेछ । यसरी उद्धार तथा पुनःस्थापना गर्ने सिलसिलामा समितिले कोषको रकमबाट दफा १२ मा उल्लिखित मापदण्ड अनुसार खर्च गर्ने व्यवस्था मिलाउने छ ।

**१२. खर्चका मापदण्ड,**

कोषबाट समितिले जोखिममा परेका बालकालिकालाई दफा ११ अनुसार अल्पकालिन अवधीका लागि संरक्षणमा राखिएको अवस्थामा निम्न प्रयोजनमा निम्नानुसार खर्च गर्ने व्यवस्था मिलाउने छ ।

(क) खानेकुरा : बालबालिकालाई अल्पकालिन संरक्षणमा बसेको अवधि भरी खाने कुराको लागि दैनिक रु ३००।-

(ख) लुगाफाटो : बालबालिकालाई लुगाफाटो नभएको वा उपयुक्त नभएको अवस्था भएमा लुगाफाटो किन्न एक पटकका लागि पढीमा रु. ३०००।- सम्म ।

(ग) सम्प्रेषण : बालबालिकाहरूको पुनःस्थापनाको लागि घर पठाउँदा वा परिवारमा पुनःस्थापनाको सम्भावना नभई वालगृह वा अन्यत्र पठाउँदा संरक्षक समेतको मितव्ययी सवारी साधन प्रयोग गर्नु पर्ने छ । उक्त सवारी साधनको भाडा र एकदिन पुगिनेमा खाना र खाजा खर्च बापत प्रतिव्यक्ति रु ५००/- (पाँच सय रुपैया मात्र) र बास वस्नु पर्ने भएमा वस्ने खाने खर्च वापत प्रतिव्यक्ति रु दैनिक रु १,०००/- (एक हजार रुपैया मात्र)

(घ) औषधी उपचार : बालबालिकालाई कुनै चोटपटक लागेको अवस्थामा समितिले तोकेको वा सरकारी अस्पतालमा उपचार गराउँदा (विरामी र कुरुवाको समेत जोडेर) निम्नानुसारको मापदण्ड प्रयोग गरीनेछ ।

१) जिल्ला वाहिरका अस्पतालमा बसी उपचार गराउँदा दोहोरो यातायात खर्च र स्वास्थ्य परिक्षण तथा औषधी खर्च वापतरु ३,०००/- (तीन हजार रुपैया मात्र),

मिथिलाबिहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय यदुकुहा, धनुषा मधेश प्रदेश, नेपाल

... कुमार अधिकारी
... प्रशासकीय अधिकृत

CS CamScanner

२) अस्पतालमै भर्ना भई उपचार गराउँदाको अवस्थामा दोहोरो यातायात खर्च, स्वास्थ्य परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्च वापत विरामी र एक जना कुरुवाको लागि प्रति व्यक्ति प्रतिदिन रु १,००० /-(एक हजार रुैपैया मात्र), सार्वजनिक सवारी यातायातका मितव्ययी साधन प्रयोग गर्नु पर्नेछ रिर्जभ गर्न पाइने छैन ।

(ङ).जीविकोपार्जन टेवा : वेवारिसे अलपत्र अवस्थामा फेला परेको, वा अभिभावक वा आमावावु नभएका असहाय तथा अनाथ, बालबालिकालाई परिवार भित्रका नातेदार (जस्तै: काका, काकी, फुपु, सानीआमा, मामा-माईज्यु) ले आफ्नो आर्थिक अवस्था नाजुक हुँदाहुदै पनि आफ्नो संरक्षणमा राख्न चाहेमा वा मन्जुर गरेमा उनीहरूको जीविकोपार्जनमा मद्दत पुऱ्याउनको लागि समितिबाट निर्णय गरी वढीमा रु. ३० हजारसम्म एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेछ तर त्यसरी अनुदान प्राप्त गर्ने व्यक्ति वा परिवारले सो रकमबाट कुनै व्यवसाय संचालन गरी आफ्नो संरक्षणमा राखेको बालबालिकालाई खाने बस्ने व्यवस्था सहित उसको उमेर, आर्थिक अवस्था र क्षमता अनुसार शिक्षा-दिक्षाको प्रवन्ध मिलाउन चित्त बुझ्दो लिखित प्रतिवद्धता समितिमा पेश गर्नु पर्छ सो अनुसार भए नभएको वारे समितिबाट निरन्तर अनुगमन हुनेछ ।

(च) विषेश निर्णय गर्न सक्ने : यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका, एच.आई.भि.संक्रमित, वा अन्य कुनै दीर्घ वा कडारोग लागेका आदी विशेष अवस्थाको जोखिममा परेका बालबालिकाको हकमा उद्धार, पुर्नस्थापना र पारिवारिक पुर्नमिलनका लागि समितिले औचित्य हेरी कोषको अवस्था अनुसार विशेष व्यवस्था गर्न सक्नेछ ।

१३. **अति विपन्न, असहाय, आपतकालिन एवम् जोखिम अवस्था वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिका :** अर्न्तगत देहायका बालबालिका पर्दछन् :

(क) जोखिमपूर्ण श्रममा संलग्न रहेका,

(ख) यौनशोषण, यौन दूर्व्यबहार, बेचविखन वा ओसार पसारमा परेका,

(ग) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुरव्यवहारबाट पीडित,

(घ) अपांगतामा भएका,

(ङ) दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका,

(च) हिंसाबाट प्रभावित एवं पीडित भएका,

(छ) हराएको वा वेवारिसे अवस्थामा फेला परेका,

(ज) ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पीडित भएका,

(झ) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्वन्धित रहेको कारणले बेवारिसे भएका,

(ञ) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

(ट) सुस्तमनस्थिति भएका बालबालिका,

(ठ) अपहरण वा शरीर बन्धकमा परेका,

(ड) सडक बालबालिका,

(ढ) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

(ण) बालबालिका नै परिवारको अभिभावक भएका बालबालिका

...द कुमार अधिकारी
...प्रशासकीय अधिकृत

CamScanner

(त) विपन्न दलित समुदायका बालबालिका

(ठ) परिवारबाट अलगिगएका, एक्लिएका वा बिछोडिएका बालबालिका

(ड) अति विपन्न बालबालिका भन्नाले बालबालिकाको अभिभावक वा संरक्षकको कुनै पनि रोजगारीको स्रोत नभएको र अति विपन्न भनी सम्बन्धी वडा कार्यालयले सिफारिस गरिदिएका बालबालिका,

(ढ) असहाय भन्नाले बालबालिकाको आफ्नै अभिभावक वा संरक्षक वा रेखदेख गर्ने कुनै पनि व्यक्ति नभएको भनी सम्बन्धित वडा कार्यालयले सिफारिश गरिदिएका बालबालिका,

(न) नगरकार्यपालिकाले तोकेका अन्य बालबालिका ।

१४. **निवेदन दिन सक्ने :** यस कार्यविधिको दफा १३ मा उल्लेख गरिएका बालबालिकाको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी यस नगरपालिकामा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले वडा बाल अधिकरा समिति मार्फत स्थानीय समितिमा बालबालिकाको विस्तृत आवश्यकता सहितको विवरण खुल्ने गरी निवेदन दिन सक्नेछ ।

१५. **खाताको सञ्चालन :** बाल कोषको खाता सञ्चालन यस कार्यविधिको दफा ५ (ख) मा उल्लेखित समितिको सिफारिस/निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुख र कोषको सदस्य सचिव मध्ये २ को अनिवार्य हस्ताक्षरमा सञ्चालन हुने गरी गरिनेछ ।

१६. **कोषको लेखा र लेखा परीक्षण :**

(क)कोषको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

१७. **कोषको रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभए आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१८. **अन्य खर्च :** कोषको सञ्चालक समितिले आवश्यक ठानेका मसलन्द खर्च तथा वालउद्धार गर्ने क्रममा हुने यातायात खर्च गर्न सक्नेछ ।

१९. **प्रतिवेदन पेश गर्ने :**

(क) समितिले आफूले गरेको कार्यको अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिमको प्रतिवेदन समितिले सार्वजनिक गर्न सक्नेछ ।

२०. **अभिलेख राख्ने :** समितिले आफूले गरेको काम कारबाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२१. **निर्देशन दिन सक्ने:**

(क)नगरसभाले बाल कोष सञ्चालक समितिलाई काम कारबाहीको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(ख) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु कोष सञ्चालक समितिको कर्तव्य हुनेछ ।

२२. **अधिकार प्रत्यायोजन :** समितिले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्ने छ ।

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**कार्यविधिको व्याख्या तथा संशोधन** : यस कार्यविधिमा भएका व्यवस्थामा कुनै विवाद आएमा सञ्चालक समितिको व्याख्या नै अन्तिम निर्णय हुनेछ साथै संशोधन आवश्यक भएमा सञ्चालक समितिले साझेदार संघसंस्था र सरोकारवाला पक्षहरूसँग छलफल गरी आवश्यक संशोधन गर्न सक्नेछ ।

२४. **कोष खारेज हुन सक्ने अवस्था** : कुनै कारणबस कोष सञ्चालन गर्न आवश्यक नभएमा प्रयाप्त कारणहरू सहित सञ्चालक समितिको निर्णयले खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषमा रहेको रकम नगरपालिकाको अगुवाईमा बाल हितकारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२५. **संशोधन बचाउ तथा खारेजी** : यो कार्यविधि सञ्चालक समितिको निर्णय सहितको सिफारिशमा नगर कार्यपालिकाले आवश्यक्तानुसार जुनसुकै बेला संशोधन वा खारेज गर्न सक्नेछ ।

२६. **बाधा अड्काउ फूकाउने** : यस कोषको प्रयोग, कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा अड्काउ परेमा नगर बाल कोष संचालक समितिले बाधा अड्काउ फुकाउनेछ ।

२७. **"विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि सहयोग गर्ने प्रक्रिया"**

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क वडा बाल अधिकार समितिले संकलन, अभिलेखीकरण र अध्यावधिक गर्नेछ साथै उक्त तथ्याङ्क नगर बाल अधिकार समितिमा पेश गर्नेछ ।

(ख) वडा वा नगर बाल अधिकार समितिले कुनै बालक वा बालिका अति जोखिम अवस्थामा रहेको कुराको सिफारिस गर्नेछ र यसै सिफारिसको आधारमा उक्त बालक वा बालिकाका सम्बन्धमा दफा ५ ((ख) बमोजिमको समितिले छलफल गरी निर्णयलाई सहयोग प्रदान गरिनेछ ।

(ग) यस्ता विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सहयोगका लागि प्रत्येक वर्ष नगरपालिकाले निश्चित रकम छुट्याउने छ । यसका साथै विभिन्न दातृ निकायसँग समन्वय गरी स्रोत जुटाउनका लागि पहल गर्नेछ ।

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सकेसम्म समुदायमै संरक्षणमा राखेर सहयोग गरिनेछ । यसरी समुदायमै संरक्षणमा राख्दा एक जना संरक्षक पहिचान गरिनेछ ।

(ङ) यसरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षकत्व प्रदान गर्ने जिम्मेवारी लिएका संरक्षकले निम्न प्रकार प्रतिवद्धता जनाएको लिखित कागजमा हस्ताक्षर गर्नु पर्नेछ ।

(च) यसरी विशेष संरक्षणको आवश्यकता भएका बालक वा बालिकाको संरक्षकत्वको जिम्मेवारी लिने र निज बालक वा वालिकाको पढाइलाई नियमित रुपमा सञ्चालन गर्ने कुरामा निम्न बमोजिमको प्रतिवद्धता पत्रमा हस्ताक्षर व्यक्तिलाई वडा तथा नगर वाल संरक्षण समितिको सिफारिसमा नगरपालिकाले उक्त बालक वा बालिकाको संरक्षकत्व प्रदान गरे बापत तोकिएको आर्थिक सहयोग प्रदान गरिनेछ ।

**(क) संरक्षकको प्रतिवद्धता पत्रको नमुना**

श्री ............................ज्यू,

वडा वाल अधिकार समिति मार्फत

नगर वाल अधिकार समिति,शहीदनगर

**विषय : प्रतिवद्धता पत्र**

...ज कुमार अधिकारी
...ज प्रशासकीय अधिकृत

CamScanner

शहीदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
मधेश प्रदेश, नेपाल

महोदय,

उपर्युक्त सम्बन्धमा यसशहीदनगरनगरपालिका वडा नं. ... टोल ...............मा बस्ने श्री .................................... तथा श्री ......................................................का छोरा/छोरी हाल मेरो संरक्षकत्वमा बस्दै आएका विशेष संरक्षणको आवश्यकता भएका ....वर्षका ....................................बालक/बालिकालाई म समुदायमै राखेर संरक्षकत्व प्रदान गर्न राख्न मञ्जुर छु र मेरो संरक्षकत्वमा रहुञ्जेल म निजको विद्यालयको पढाइलाई निरन्तरता दिदैं उसको बालअधिकारको सुनिश्चितता गर्ने गर्नेछु भन्ने कुरामा प्रतिवद्धता जनाउँदछु ।

**संरक्षक**

हस्ताक्षर........................

नाम : ..............................

ठेगाना : .................................................. (वडा, टोल)

मिति : .........../......./......

**(ख) बालबालिका अक्षय कोष स्थापनाका लागि प्रक्रियाहरू**

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क हेरी तत्काल सहयोगका लागिशहीदनगरनगरपालिकाले यसै कोष अन्तर्गत दफा ४ को उपदफा २ बमोजिम निश्चित रकमलाई स्यायी अक्षय कोषको रुपमा यसै समितिको रहोबरमा सञ्चालन गर्न सक्नेछ ।

**२८. अनुगमन व्यवस्था**

(क) यस कोषको कार्य प्रगति र प्रभावकारिताका सम्बन्धमा समिति अथवा नगर परियोजना सल्लाहाकार समिति, नगरपालिकाको अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

(ख) अनुगमनको क्रममा दिईएको निर्देशन र पृष्ठपोषणलाई सम्बन्धित निकायले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(ग) अनुगमनमा देखिएका पृष्ठपोषणलाई मूल्यांकनको आधार समेत बनाईनेछ ।

(घ) अनुदान रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबीलकाको जाँचबुझ गर्न अनुसूचि १ को प्रयोग गर्न सकिने छ ।

<u>अनुसूची-१</u>

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको जाँचबुझ फारम

बालबालिकाको नाम : ..........................................................

ठेगाना : ..........................................................

संरक्षकको नाम : .......................................................... सम्पर्क नम्बर : ....................

सूचना दिनेको नाम : ..........................................................

**बालबालिकाको हालको अवस्था:**

| क्र.सं. | विवरण | ठीक चिन्ह लगाउने | कैफियत |
|---|---|---|---|
| १. | आमाबुवा दुवै नभएको | | |
| २. | आमा वा बुबा मध्ये एक जना नभएको | | |
| ३. | आमाबुवा दुवै अपाङ्ग रहेको | | |
| ४. | बालबालिका आफैं पनि अपाङ्ग रहेको | | |
| ५. | बालबालिकाको तुरन्त उपचार गर्नु पर्ने अवस्था | | |
| ६. | बालबालिकाका विद्यालयबाट बाहिर रहेको | | |
| ७. | बालबालिकाको दैनिक जीवन कठिन अवस्थामा | | |
| ८. | बालबालिकाका कठिन काम गरिरहेको | | |
| ९. | बालबालिका बेचविखनमा परेको | | |
| १०. | बालबालिकाको विवाह हुन लागेको | | |
| ११. | बालबालिका यौन शोषणमा परेको | | |
| १२. | विद्यालय/परिवारमा शारीरिक वा मानसिक सजाय पाएको | | |
| १३. | बालबालिकाका हराईरहेको | | |
| १४. | बालबालिका बेबारिसे अवस्थामा भेटिएको | | |
| १५. | अन्य................................................ | | |

नावालिकसँग संरक्षकको नाता :

बालबालिकाको संरक्षकको अवस्था :

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

...ा : १) घडेरी .........विगा..........कठ्ठा...........धुर..........

२) खेतबारी: .........विगा..........कठ्ठा...........धुर..........

घर: १) पक्की २) कच्ची

संरक्षकको परिवारमा आर्थिक स्रोतको अवस्था (जागिर/व्यापार/अन्य खुलाउनुहोस) :

बालबालिकाको आवश्यकता:

| क्र.सं. | विवरण | समय सीमा | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

सूचना लिने व्यक्ति : ................................................. मोबाइल नं. : ......................

आज्ञाले,
नाम: केशब कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

शहिदनगर नगरपालिकाद्धारा प्रकाशित मूल्य रु १०।-